विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन महाशाखा)
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

फ्याक्स् : ९७७-२१-५१५४५२
फोन : ९७७-२१-५१४५७९

विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

मिति : २०८१/०९/०३
ने.सं. ११४५ थिंल्लागा ३, बुधबार

## तह वृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

विराटनगर महानगरपालिकाको स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरूले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरूको तह वृद्धिको लागि तपसिल बमोजिमको कागजातहरू संलग्न गरी छुट्टै फाइल तयार गरेर ३० (तीस) दिनभित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन उक्त ऐनको दफा २७ को उपदफा (३) एवम् विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

१. तह वृद्धि सम्बन्धी दरखास्त फाराम।
२. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको विवरण।
३. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि।
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएका कर्मचारीको हकमा)।
५. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र।
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)।

२०८१/०९/०३
अधिकृत आठौं